# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५३ ) काठमाडौं, जेठ ५ गते २०६० साल (संख्या ६


## भाग ३

श्री ५ को सरकार

अर्थ मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०५९ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी हेल्थ केयर फाउन्डेसन नेपाललाई जर्मन नागरिक Mrs. Beate Vogt बाट उपहारस्वरूप प्राप्त हुने युरो ५,९६९.०० मूल्यबराबरको Medical Goods आयात गर्दा लाग्ने भन्सार महसुल १ प्रतिशत असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकाले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना २

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०५९ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी ग्रामीण सामुदायिक पूर्वाधार विकास कार्यक्रमअन्तर्गत हुम्ला जिल्लाका लागि विश्व खाद्य कार्यक्रमबाट प्राप्त हुने चामलमध्ये २५० मेट्रिक टन चामल चीन (तिब्बत) को Zhangmu (Khasa) बाट हुम्ला पुर्‍याउन विश्व खाद्य कार्यक्रमको लोगो अङ्कित बोरा प्याक अरुवा मोटो चामलमा निकासी सेवा शुल्क छुट दिने निर्णय गरेकाले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सहसचिव


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## श्री ५ को सरकार
## अर्थ मन्त्रालयको सूचना

यस मन्त्रालयअन्तर्गत आन्तरिक राजस्व कार्यालय क्षेत्र नं १ काठमाडौंमा प्रमुख कर अधिकृत पदमाकार्यरत श्री भरतराज सुवेदी निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (१) को खण्ड (छ) बमोजिम बिदा स्वीकृत नगराई लगातार नब्बे दिनसम्म आफ्नो पदाधिकार रहेको कार्यालयमा अनुपस्थित रहेकाले निजामती सेवा ऐन, २०४९ को दफा ५९ को खण्ड (ख) को उपखण्ड (१) बमोजिम भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने श्री ५ को सरकारबाट मिति २०६०।१।१४ मा निर्णय भएको हुँदा यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
भानुप्रसाद आचार्य
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
३२५